# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३४) काठमाडौं, साउन १गते २०४१ साल (अतिरिक्ताङ्क१६(घ)


श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको

### सूचना

निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट निकासी र नेपाल अधिराज्यभित्र पैठारी गर्न स्वीकृति दिएमा बाहेक पूर्ण बन्देज लगाइएका वस्तुहरू र परिमाणात्मक बन्देज लगाइएका वस्तुहरू देहायबमोजिम आजकै मितिदेखि नियन्त्रण गरेकोले यो आदेश जारी गरेको छ।

अनुसूची–१

समुद्रपारबाट पैठारी गर्नको निम्ति लिनु पर्ने आयात इजाजतपत्रको अभिप्रायको लागि वस्तु वर्गीकरण :

१. पूर्ण बन्देज लगाइएका वस्तुहरू:

१.१ औद्योगिक तयारी वस्तुहरू:

(क) बिडी

(ख) चुरोट (नेपालमा उत्पादन हुने स्तरको मात्र)

(ग) सलाई।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.२ स्वास्थ्यलाई हानी गर्ने वस्तुहरू:

(क) अफिम, मर्फिया जस्ता लागू पदार्थहरू,

(ख) साठी प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराहरू ।

१.३ हातहतियार र विष्फोटक पदार्थहरू:

(क) खरखजाना बनाउन चाहिने आवश्यक वस्तुहरू,

(ख) बन्दूकहरू र बन्दूकका गोलीहरू,

(ग) कागजबाहेकका केप,

(घ) अन्य विष्फोटक पदार्थहरू र हातहतियारहरू ।

१.४ सम्वादवाहक यन्त्रहरू :

(क) वायरलेस, वाकिटकी र अन्य यस्तै शब्दवाहक यन्त्रहरू ।

१.५ मूल्यवान धातु तथा जवाहरात (भारी, झिटी, गुण्टा नियममा परेका बाहेक):

(क) सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदीका जडाउहरू,

(ख) हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू,

(ग) उद्योग संरक्षणको दृष्टिकोणले प्रतिबन्ध लगाइएका वस्तुहरू ।

१.६ (क) गोमाँस ।

२. परिमाणात्मक बन्देजका वस्तुहरू:

(क) १. सिमेण्ट

२. जस्तापाता (कर्कटपाता)

३. पेट्रोलियम पदार्थहरू (पेट्रोल, डिजल, मट्टितेल, हवाई इन्धन, बिटुमिन)

४. आल्मोनियम, जस्ता, सीसा, तामा र पित्तलका पाता, छड, इनगट, स्क्रेप र अन्य धातु

५. फलाम र इस्पातबाट बनेका एङ्गल, च्यानेल, प्लेट, स्ट्रीप तथा छड

६. कृषि कार्यमा प्रयोग हुने मेशीनरी, इक्वीपमेण्ट, औजारहरू, औषधि छर्ने यन्त्रहरू र तिनका पार्टपूर्जाहरू

७. रासायनिक मल तथा बीउ

८. पम्पसेट, टच्यूबवेल, ट्रेक्टर, पावरटीलर, टेलर र तिनका पार्टपूर्जाहरू

९. कीटनाशक औषधिहरू

१०. मेशीनरी र सोको स्पेयर पार्टस्

११. औद्योगिक मेशीनरी र सोको स्पेयर पार्टस् (सम्बन्धित विभागको सिफारिशमा उद्योगको उत्पादन गर्ने कार्यसँग प्रत्यक्ष सम्बन्ध भएका वस्तुहरू)

270 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निटिङ्ग मेशीन र सोको स्पेयर पार्टपूर्जाहरू, सिउने कल र सोको पार्टपूर्जाहरू, सियो, कैंची, सेप्टीपीन, मेजरिङ्ग टेप र हाते सियो
१३. औद्योगिक कच्चा पदार्थहरू (सम्बन्धित विभागबाट सिफारिश भएबमोजिमका कच्चा पदार्थहरू)
१४. विद्युत् उत्पादन र वितरणका सामानहरू
१५. यातायातका साधन जस्तै बस, ट्रक, मिनिबस, पिकअप, तीनपांग्रे आदि र सोको पार्टपूर्जाहरू (टायर, ट्यूब, व्याट्री, बल वियरिङ्ग र फ्लेप्ससहित)
१६. हवाई जहाज र सोको पार्टपूर्जाहरू
१७. दमकल, एम्बुलेन्स
१८. हाते यन्त्र र औजारहरू (हात र शक्तिबाट चल्ने)
१९. मेजरिङ्ग र टेष्टिङ्ग इक्वीपमेन्ट
२०. माउण्टेनीयरिङ्ग र ट्रेकिङ्गका सामानहरू (सम्बन्धित विभागको सिफारिशबमोजिम)
२१. टेलिफोन, टेलिकम्यूनिकेशन इक्वीपमेण्ट र सोको पार्टपूर्जाहरू
२२. विभिन्न किसिमका कम्प्युटर र सोको पार्टपूर्जाहरू
२३. व्याट्री सबै प्रकारको (इलेक्ट्रोनिकबाहेक)
२४. रासायनिक पदार्थ र त्यसबाट उत्पादित वस्तुहरू
२५. खेलकूदका सामानहरू (स्टेण्डर्ड वर्गीकरणमा परेको सामान मात्र)
२६. शैक्षिक सामग्रीहरू (स्टेण्डर्ड वर्गीकरणमा परेको सामान मात्र)
२७. पुस्तक, जर्नल, पत्रपत्रिका, पोष्टर, प्रचार प्रसारका सामग्री, प्रिन्टेड मेटेरियल्स, हवाई जहाज टिकट, अनिष्काशित बैंक नोट, ट्राभलर चेक र बैङ्किग कारोवारसम्बन्धी अन्य कागजातहरू
२८. कार्यालय उपकरण र सोको पार्टपूर्जाहरू, टाइपराइटर, क्यालकुलेटिङ्ग मेशीन, फोटो कपी मेशीन, डुप्लिकेटिङ्ग मेशीन (पकेट क्यालकुलेटरबाहेक)
२९. लेख्ने तथा छाप्ने कागज
३०. रङ्ग रोगन र तत्सम्बन्धी वस्तुहरू
३१. वैज्ञानिक प्रयोगशालाको सामानहरू
३२. एक्रिलिक, नाइलन, स्ट्रेच नाइलन र सिन्थेटिक यार्न
३३. कच्चा ऊन र कपास
३४. पोलिथिन ग्रानुयल्स
३५. जडान उद्योगको कच्चा पदार्थ र पार्टपूर्जा
३६. मेडिकल र सर्जिकल इक्वीपमेण्ट ।

२७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) १. मिल्क एण्ड मिल्क प्रोडक्टस्
२. दूध खुवाउने बोतल र निप्पल्स
३. बेबी फूड
४. टिन प्याकेट फूड प्रोडक्टस्
५. टर्चलाइट र बल्व
६. बिजुलीका सामानहरू
७. छाता
८. जुत्ता र चप्पल
९. कम्बल
१०. चिया र कफी
११. थर्मस फ्लास्क
१२. पङ्खा
१३. हार्डवयरका सामान, ताल्चा, कब्जा, छिस्केनी आदि
१४. लुब्रिकेन्ट (मोबिल, ग्रीज, आदि)
१५. चश्मा, चश्माको शिशा, फ्रेम र सोको सामानहरू
१६. औषधि (सम्बन्धित विभागको सिफारिशबमोजिम)
१७. लालटीन, प्रेसर र नन्प्रेशर ल्याम्प्स र सोको पार्टपूर्जाहरू
१८. पोते, टाँक र क्लिप
१९. जीरा, मरिच
२०. मोटरसाइकल र त्यसको पार्टपूर्जा, टायर, ट्यूब र बल वियरिङ्ग
२१. जीप, स्टेशन वेगन आदि र सोको स्पेयर पार्टस् (टायर, ट्यूब, ब्याट्री, बल वियरिङ्ग र फ्लेप्ससहित)
२२. एयरलाइन्स र ट्राभल एजेन्सीलाई आवश्यक पर्ने कागजात तथा यूनिफर्महरू
२३. सूती कपडा
२४. रेडियो
२५. पकेट क्यालकुलेटर ।

(ग) १. मोटरकार र स्पेयर पार्टस् (टायर ट्यूब, ब्याट्री, बल वियरिङ्ग र फ्लेप्ससहित)
२. रेफ्रिजेरेटर, डीप फ्रिज, आइसक्रीम क्याबिनेट
३. छालाको तयारी सामान
४. स्टेरियो, टेप रेकर्डर, रेकर्ड प्लेयर, ग्रामोफोन, क्यासेट, टेप, टेलिभिजन, भिडियो र अन्य अडियो भिजुअल सामानहरू

272

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सबै प्रकारका क्यामेरा, प्रोजेक्टर, फिल्म र फोटोग्राफिक गुडस्
६. खेलौना
७. हाउसहोल्ड एप्लाइन्सेज, कटलरी, सेरामिक गुडस्, ग्लासवेयर, प्लाष्टिक गुडस्, ग्राइन्डर, मिक्सचर, जुश र किचेन इक्वीपमेण्ट (इलेक्ट्रिकल र म्यानुयल)
८. मदिरा (पूर्ण बन्देजमा परेका बाहेक) र वियर
९. चुरोट (पूर्ण बन्देजमा परेका बाहेक) र सिगार
१०. सेभिङ्ग क्रिम, लोशन, ब्रुस, रेजर, ब्लेड, पाकेट नाइफ, सिज र्स
११. किरोसिन हिटर
१२. वाटर हिटर
१३. वाथरूम र घर सजाउने अन्य सामान
१४. विभिन्न किसिमका बाकस र व्यागहरू
१५. म्यूजिकल इन्स्ट्रू मेन्ट
१६. परफ्यूम र कस्मेटिकका सामान
१७. नक्कली गहनाहरू तथा सेमिप्रिसियस स्टोन
१८. कुलर, भ्याकुम क्लिनर र एयरकण्डिशनका सामानहरू
१९. वाल पेपर
२०. निटवेयर, कपडा, कपडाबाट बनेका सामान र रेडिमेड गार्मेन्ट (ऊनी, रेशमी, सिन्थेटिक, एक्रेलिक, नाइलन, पोलिष्टर आदि)
२१. साबुन (लुगा धुनेबाहेक)
२२. घडी
२३. खाने मसला (ड्राइ फ्रुट), ल्वाङ, सुपारी
२४. चकलेट, टफी चुइंगम
२५. जीप, फास्नर र फ्लिण्ट ।

द्रष्टव्यः–

माथिको वर्गीकरणमा परेको वस्तुहरूको शीर्षक अन्तर्गत के कस्तो सामान पैठारी गर्न दिन सकिनेछ वाणिज्य मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

## अनुसूची–२

समुद्रपार निकासी हुने वस्तुहरूको वर्गीकरणः

१. पूर्ण बन्देज लगाइएका वस्तुहरूः

(अ) सबै देशहरूमा निकासी हुनेमाः

(क) पुरातात्विक तथा धार्मिक महत्वका वस्तुहरूः

१. विदेशी तथा स्वदेशी पुरातात्विक महत्वका सिक्काहरू
२. देव-देवताको मूर्ति, ताडपत्र, भुजापत्र
३. ऐतिहासिक महत्वका पौवाहा

273

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मूल्यवान धातु तथा जवाहरात (भारी, झिटी, गुण्टा, नियममा परेका-बाहेक):

१. सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदी जडाउ गहना-हरू (चाँदी वा चाँदी मिश्रित धातुबाट बनेका हस्तकलाका वस्तुहरू र सुन तथा चाँदीको पालिस जलप वा कोटिंग मात्र गरी तयार गरिएका हस्तकलाका वस्तुहरूबाहेक)

२. हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू ।

(ग) वन्य जन्तु संरक्षणसम्बन्धी वस्तुहरू:

१. जङ्गली जीव जन्तु (अर्ना, बाँदर, पण्डा, कोकर्पा, हाब्रे, रातो बिरालो, गैंडा, कस्तुरी, मृग, आदि)

२. जङ्गली जीव जन्तुको पित्तलगायत तिनको शरीरको कुनै पनि अङ्ग भाग

३. कस्तुरी

४. सर्पको छाला, छेपारोको छाला ।

(घ) मादक पदार्थहरू:

गाँजा, अफिम, चरेस (सिंगल कन्भेन्शन अन नरकोटिक्स १९६१ मा परिभाषा गरिएबमोजिम)

(ङ) औद्योगिक महत्वका वस्तुहरू:

१. विष्फोटक पदार्थ र ऐलाई चाहिने फ्यूज वा फ्यूजका लागि बनाइएका सामानहरू

२. जङ्गी खर-खजाना तयारीको लागि चाहिने पदार्थहरू ।

(च) औद्योगिक कच्चा पदार्थहरू:

१. काँचो छाला (ड्राइ साल्टेडसमेत)

२. कच्चा ऊन

३. सवाई घाँस

४. तामा, पित्तल, काँस, ढलोट, फलाम, आदि धातुका पत्रुहरू ।

(छ) अन्य वस्तुहरू :

१. ममिरा

२. कोकाकोला

३. गोलिया र चिरान काठ

४. सुनगाभा, चाँदीगाभा जस्ता अर्किड बिरूवाहरू

275

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) भारतमा मात्र निकासी हुनेमाः

भारतबाहेक अन्य देशहरूबाट पैठारी भएका सबै वस्तुहरू (भारी, झिटी, गुण्टा नियमले लैजान पाउनेबाहेक)

२. निकासीमा परिमाणात्मक बन्देज अन्तर्गत परेका वस्तुहरूः

१. चामल
२. मकै
३. गहूँ
४. रहरको दाल
५. चनाको दाल
६. मुसुरोको दाल
७. मासको दाल
८. तोरी
९. सरसौं
१०. रायो
११. औद्योगिक कच्चा पदार्थ (समय समयमा सूचना प्रकाशित गरी तोके अनुसार)

३. खुल्ला रूपमा निकासी गर्न दिइने वस्तुहरूः

निकासीमा प्रतिबन्ध नलगाइएका र परिमाणात्मक बन्देजमा नपरेका वस्तुहरू ।

४. निकासीका लागि इजाजतपत्र लिन नपर्ने वस्तुहरूः

१. विभिन्न वस्तुहरूबाट निर्मित हस्तकलाका वस्तुहरू
२. ऊनबाट बनेका वस्तुहरू ( गलैंचाबाहेक )
३. जूटका सामानहरू (हैसियन, ब्याग)
४. सूठो
५. अलैंची
६. चीज
७. कत्था कच्छ
८. बेसार
९. राइस ब्रान र राइस ब्रान केक
१०. जडीबूटीहरू
११. पूर्ण प्रशोधित छालाहरू
१२. श्री ५ को सरकारले निकासी इजाजतपत्र लिनु नपर्ने भनी निर्णय गरेका वस्तुहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः

१. उपरोक्त अनुसार तोकी दिएका वस्तुहरूमध्ये परिमाणात्मक बन्देज अन्तर्गका सामान कति परिमाणसम्म निकासी गर्न दिइने हो वाणिज्य मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

२. माथिको वर्गीकरणमा परेका वस्तुहरूको शीर्षक अन्तर्गत के कस्तो सामान निकासी हुन सक्दछ त्यसको व्याख्या वाणिज्य मन्त्रालयले गर्नेछ ।

३. खण्ड ३३ मिति २०४०।४।१ पूर्वातिरिक्ताङ्क १३ (घ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य तथा आपूर्ति मन्त्रालयको यससम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियमहरू, २०३४ को नियम ८ को उप-नियम (४) ले दिएको अधिकार प्रयोग गरी देहायको वस्तुहरूको मूल्यमा देहाय-बमोजिम पैठारी इजाजतपत्र बापत लाग्ने इजाजत दस्तूर तोकी दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल अधिराज्यबाट निकासी र नेपाल अधिराज्यभित्र पैठारी गर्न स्वीकृति दिएमा बाहेक पूर्ण बन्देज लगाइएका वस्तुहरू र परिमाणात्मक बन्देज लगाइएका वस्तु-हरूको सम्बन्धमा आज यस मन्त्रालयबाट नेपाल राजपत्रमा प्रकाशित आदेशको अनुसूची १ मा उल्लेखित वस्तुहरूको मूल्यमा देहायबमोजिम इजाजत दस्तूर लाग्ने छ ।

(क) पैठारीतर्फ पूर्ण बन्देज लागेका वस्तुहरूः

पैठारीतर्फ पूर्ण बन्देज लागेका वस्तुहरू (अनुसूची १ को १.१ (ख) र १.२ (ख) (मदिराहरूबाहेक) मा — १० प्रतिशत

(ख) परिमाणात्मक बन्देजमा परेका वस्तुहरूः

२ (क) का वस्तुहरूः—

(१) रासायनिक मल तथा बीउ, सिमेन्ट, पेट्रोल, डिजेल, विटुमिन, जूट व्याचिंग आयल, कच्चा ऊन, कपास, औद्योगिक उत्पा-दनमा प्रयोग हुने मेशीनरी, दमकल, अनिष्काशित नोट, ट्रेभलर चेक र भटमासको तेल (सोयबिन आइल) र हवाई-जहाज तथा सोको पार्टपूर्जाहरूमा — १ प्रतिशत

२७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अन्य वस्तुहरूमा — ५ प्रतिशत

२ (ख) का वस्तुहरूमा — १० प्रतिशत

२ (ग) का वस्तुहरूमा — २५ प्रतिशत

२. व्यक्तिगत प्रयोजनका वस्तुहरू:

व्यक्तिगत प्रयोजनका निम्ति पैठारी इजाजतपत्र जारी गर्दा देहाय अनुसार आयातकर्ताहरूको वर्ग विभाजन गरी पैठारी हुने इजाजतपत्रको मूल्यमा देहायबमोजिम आयात इजाजत दस्तूर लाग्नेछ ।

(क) श्री ५ को सरकारबाट वा सम्बन्धित निकायबाट सटही सुविधा प्राप्त व्यक्ति, काजमा जाने कर्मचारी, अध्ययनार्थ जाने विद्यार्थी र सभा, सेमिनार, सम्मेलनमा जाने व्यवसायीहरूका निमित्त — १ प्रतिशत

(ख) विदेशमा नोकरी गरी बस्ने व्यक्तिहरू:

(१) मासिक यू.एस. डलर १,००० (एक हजार) वा सोभन्दा बढी पारिश्रमिक पाउनेको निमित्त — १२.५ प्रतिशत

(२) मासिक यू.एस. डलर १,००० (एक हजार) भन्दा कम पारिश्रमिक पाउनेको निमित्त — ५ प्रतिशत

(ग) विदेशमा गई व्यापार व्यवसाय गरी बस्ने व्यक्तिहरू:

(१) मासिक यू.एस. डलर १,००० (एक हजार) वा सोभन्दा बढी आर्जन हुनेको निमित्त — १२.५ प्रतिशत

(२) मासिक यू.एस.डलर १,००० (एक हजार) भन्दा कम आर्जन हुनेको निमित्त — ५ प्रतिशत

(घ) प्रयोग गरिएका पुराना सामानहरू:

व्यक्तिगत आयात सूचीभित्र परेका वस्तुहरूमा माथि (क), (ख) र (ग) मा लेखिएबमोजिम र सोदेखि बाहेक अरू पुराना सामानहरूमा — १ प्रतिशत

(ङ) नेपालमा कार्यरत विदेशी व्यक्तिहरू (कूटनैतिक सुविधा प्राप्तबाहेक) ले निजी प्रयोगको लागि ल्याउने सामानको इजाजतपत्र मूल्यमा — १२.५ प्रतिशत

३. उपहार, नमूना, प्रचार प्रसारका सामानहरू:

उपहार वा नमूना वा प्रचार प्रसारका निमित्त पैठारी हुने वस्तुहरूको मूल्यमा देहायबमोजिम आयात इजाजत दस्तूर लाग्नेछ ।

२५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।